# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) विराटनगर, नेपाल, आश्विन २५ गते, २०७९ साल (अतिरिक्ताङ्क २७

## भाग २

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

# कानून तर्जुमा तथा सुझाव समिति (गठन र सञ्चालन) कार्यविधि, २०७८

<u>प्रस्तावना:</u> प्रदेशस्तरमा तर्जुमा गर्नुपर्ने कानूनको पहिचान र विश्लेषण गरी प्राथमिकताका आधारमा विषयगत मन्त्रालयहरुसँग समन्वय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

गरी नयाँ कानूनको मस्यौदा तर्जुमा गर्न, हाल प्रचलित प्रदेश कानूनमा समयानुकुल परिमार्जनका लागि संशोधन मस्यौदा तर्जुमा गर्न एवम् प्रदेश कानूनको प्रभावकारी कार्यान्वयन र समसामयिक सुधारका सम्बन्धमा प्रदेश सरकारलाई सुझाव दिन कानून तर्जुमा तथा सुझाव समिति गठन र सोको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ बमोजिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम **"कानून तर्जुमा तथा सुझाव समिति (गठन र सञ्चालन) कार्यविधि, २०७८"** रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "प्रदेश" भन्नाले प्रदेश नं. १ सम्झनु पर्छ।

(ख) "संयोजक" भन्नाले यस कार्यविधि बमोजिम गठित दफा ३ बमोजिमको समितिको संयोजक सम्झनु पर्छ।

(ग) "सदस्य" भन्नाले यस कार्यविधि बमोजिम गठित दफा ३ बमोजिमको समितिको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको संयोजक र सदस्य सचिवलाई समेत जनाउँछ।

(घ) "सदस्य सचिव" भन्नाले यस कार्यविधि बमोजिम गठित दफा ३ बमोजिमको समितिको सदस्य सचिव सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित समिति सम्झनु पर्छ।

३. **समितिको गठनः** (१) प्रदेशमा देहाय बमोजिमको कानून तर्जुमा तथा सुझाव समितिको गठन गरिएको छः-

(क) मुख्य न्यायाधिवक्ता - संयोजक

(ख) सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य

(ग) कानून तर्जुमा महाशाखा प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(घ) उपसचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(२) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कानून तथा संवैधानिक मामिला महाशाखा अन्तर्गतको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अधिकृतस्तर सातौं तहको कर्मचारीले समितिको सदस्य सचिव भै काम गर्नेछ।

(३) नयाँ कानून तर्जुमा वा संशोधनको मस्यौदामा छलफल गर्दा समितिले आवश्यक ठानेमा सम्बन्धित मन्त्रालयका पदाधिकारी वा विषयविज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ।

४. <u>समितिको काम, कर्तव्य र अधिकार</u>: (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपालको संविधान (एकल र साझा अधिकार) एवम् अन्य प्रचलित कानून बमोजिम प्रदेशका विषयगत मन्त्रालयहरुले तर्जुमा गर्नु पर्ने ऐन, नियमावली र गठन आदेश लगायतका कानूनको पहिचान गर्ने,

(ख) खण्ड (क) बमोजिम पहिचान भएका कानूनको मस्यौदा तर्जुमा गर्न सम्बन्धित मन्त्रालयलाई सहयोग गर्ने,

(ग) प्रचलित प्रदेश कानूनमा समसामयिक सुधारका लागि संशोधन मस्यौदा तयार गर्ने,

(घ) तयार भएका कानूनको मस्यौदा उपर आवश्यक्तानुसार विज्ञहरुसँग परामर्श



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

लिने तथा सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम गर्ने,

(ङ) प्रदेशका विषयगत मन्त्रालयहरुबाट प्रदेश सरकार (मन्त्रिपरिषद्) मा प्राप्त हुने कानूनको मस्यौदाहरुमा राय सुझाव दिने,

(च) स्थानीय कानून तर्जुमाका लागि स्थानीय तहहरुलाई सहजीकरण गर्ने,

(छ) प्रदेश कानूनको प्रभावकारी कार्यान्वयन र समसामयिक सुधारका सम्बन्धमा प्रदेश सरकारलाई सुझाव दिने, र

(ज) प्रदेश सरकारले तोके बमोजिमको कानूनसँग सम्बन्धित अन्य कार्य गर्ने।

(२) समितिबाट तयार वा परिमार्जन भएको कानूनको मस्यौदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक कारबाहीका लागि सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ।

५. <u>समितिको सचिवालय र बैठकः</u> (१) समितिको सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ।

(२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(३) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) समितिको निर्णय संयोजकले प्रमाणित गर्नेछ।

(५) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. <u>सदस्यको सुविधाः</u> (१) समितिको संयोजक, सदस्य र सदस्य सचिवले समितिको बैठकमा उपस्थित भएको दिनको प्रदेश कानून बमोजिमको बैठक भत्ता प्राप्त गर्नेछ।

(२) समितिको सदस्य वा अन्य विषयविज्ञले बैठकमा भाग लिन आउँदा र फर्किदा सार्वजनिक यातायातको प्रयोग गर्नु परेमा निजले पेश गरेको टिकट बमोजिमको रकम यातायात खर्च वापत पाउनेछ।

(३) संयोजकले कुनै सदस्यलाई औचित्यता खुलाई समितिको कामको सिलसिलामा खटाएमा निजले प्रचलित कानून बमोजिमको दैनिक भ्रमण भत्ता तथा यातायात खर्च समेत प्राप्त गर्नेछ।

(४) आमन्त्रित पदाधिकारी, विषयविज्ञ तथा समितिको बैठक सम्बन्धी काममा सहयोग गर्ने अन्य दुईजना कर्मचारीसम्मलाई बैठकमा उपस्थित भएको दिनको प्रदेश कानून बमोजिमको बैठक भत्ता उपलब्ध गराउन सकिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

७. **समितिको खर्च**: (१) समितिलाई आवश्यक पर्ने दफा ६ बमोजिमको खर्च प्रदेश सरकारले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् उपलब्ध गराउनेछ।

(२) दफा ६ बमोजिमको खर्च व्यवस्थापनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नियमित बजेटको व्यवस्था नभएमा सोका लागि प्रदेश सहयोग कार्यक्रमसँग समन्वय गर्न सकिनेछ।

८. **सहयोग गर्नुपर्ने**: (१) प्रदेश सरकारका सबै विषयगत मन्त्रालयले तर्जुमा गर्नु पर्ने ऐन, नियमावली, गठन आदेश इत्यादिको अवधारणा पत्र सहितको विवरण समय मै समिति समक्ष पठाउनु पर्नेछ।

(२) समितिको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु प्रदेश सरकारका सबै विषयगत मन्त्रालय, कार्यालय तथा पदाधिकारीहरुको कर्तव्य हुनेछ।

९. **प्रतिवेदन पेश गर्नुपर्ने**: समितिले आफूले सम्पादन गरेको काम कारवाहीको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र मुख्यमन्त्रीसमक्ष पेश गर्नु पर्नेछ।

१०. **निर्देशन दिनसक्ने**: प्रदेश सरकार (मन्त्रिपरिषद्) ले समितिलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

११. <u>प्रदेश सरकारसँग सम्पर्क</u>ः समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् राख्नु पर्नेछ।

१२. <u>बाधा अड्काउ फुकाउने</u>ः यो कार्यविधिको प्रयोग गर्ने सिलसिलामा आइपर्ने बाधा अड्काउ फुकाउने अधिकार मुख्यमन्त्रीलाई हुनेछ।

स्वीकृति मितिः- २०७८/०७/१४

आज्ञाले,
ईश्वर कुमार गिरी
सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
website:- moial.p1.gov.np